**राष्ट्रिय मानव अधिकार आयोगको २३ औं स्थापना दिवसको अवसरमा आयोगका माननीय सदस्य डा. सूर्य प्रसाद शर्मा ढुङ्गेलले दिनु भएको स्वागत मन्तव्य**

**नमस्कार**

**“ जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार दिगो शान्ति र सम्वृद्धिको आधार” भन्ने नारालाई अंगीकार गर्दै राष्ट्रिय मानवअधिकार आयोगको २३ औ स्थापना दिवसको अवसरमा आयोजना गरिएको यस कार्यक्रमको अध्यक्षता गरिरहनु भएका,**

**राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष ज्यू,**

**आजको यस कार्यक्रमका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू,**

**माननीय न्यायाधीशज्यूहरु, आयोगका सहकर्मी माननीयज्यूहरु, विभिन्न संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरु, नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरु, आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु, राजनीतिक दलका नेतागण, जनप्रतिनिधिज्यूहरु, पेशागत संघसंगठनका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नागरिक समाज तथा मानव अधिकारको क्षेत्रमा कार्यरत वरिष्ठ व्यक्तित्वहरु, गैरसरकारी संस्था महासंघका अध्यक्षज्यू, कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिज्यूहरु, संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधिज्यू, सञ्चारकर्मीज्यूहरु, आयोगका वर्तमान तथा पूर्व कर्मचारी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु !**

आज १३ जेठ, राष्ट्रिय मानव अधिकार आयोगको २३ औं स्थापना दिवस । यस अवसरमा आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुहुने सम्पूर्ण आमन्त्रित अतिथि महानुभावहरुलाई आयोग र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत अभिवादन गर्दछु ।

१. स्वागत अभिवादनको प्रारम्भ म गौतम बुद्धको उपदेश (वाणी) बाट सुरु गर्न अनुमति चाहन्छु ।

२५०० वर्ष अघि बुद्धले भन्नु भएको थियो “माानवता एक गहन विषय हो, यसमा कोही सानो र ठूलो हुँदैन, सबै समान हुन्छन्” ।

" All human Beings are born free and equal in dignity and rights……" १९४८ UDHR : Article 1 (Echos the same)

मानव अधिकारको सम्मान, संरक्षण, संबर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्यनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख दायित्व रहेको छ । आयोगले आफ्नो स्थापना काल देखिनै प्रतिकूल अवस्थामा पनि लोकतन्त्र, संविधानवाद, विधिको शासन र विश्वव्यापी मानव अधिकारको मान्यता अनुरुप मानव अधिकारको संरक्षण र सवर्द्धनका लागि कटिबद्ध रहँदै आएको यथार्थ

कसैबाट लुकेको छैन । अझैपनि हाम्रो अगाडि चुनौतीहरु विकराल छन् । बाह्य र आन्तरिक परिस्थिति दिन प्रतिदिन विकट र जटिल बन्दै गएको आभास हुन्छ ।

यस स्थितिमा राष्ट्रिय मानव अधिकार आयोग आगामी दिनमा अझ बढी सजग, सचेत र क्रीयाशील हुने यहाँहरु समक्ष प्रतिवद्धता व्यक्त गर्दछ ।

२ विश्वमा महामारीको रुपमा आएको कोभिड-१९ले हामी सबैलाई आक्रान्त पारिरहेको असहज परिस्थितीबाट हाल केही सहज अवस्था महसुस हुन थालेको छ । सफलतापूर्वक भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन परिणामले नयाँ चेहेरा युवा नेतृत्वलाई स्थानीय विकास कार्यमा प्रवेश गराएको छ । सम्पूर्ण संघीय संरचनालाई विकास, मानव अधिकारमैत्री र भ्रष्टचारमुक्त बनाउन जरुरी छ । तर दिन प्रतिदिन बढ्दो बाल बालीका, जेष्ठ नागरिक, आपाङ्गता भएका व्यक्ति तथा असहाय सहित महिला विरुद्ध हुने हिंसा, जबर्जस्ती करणी, अपराध एवं दण्डहिनताको अन्त्यका लागि हामीले गरेका प्रयासहरु पर्याप्त हुन सकेका छैनन् । नीति, ऐन, नियम तथा संस्थागत कमजोरी विद्यमान छन् । अपराध अनुसन्धान र कानून कार्यान्वयन पक्ष फितलो नै छ । पीडित महिलाहरुलाई न्यायमा पहुँच पुऱ्याउन धेरै अड्चनहरु छन् भन्ने कुरा हाम्रा अनुगमनले देखाइरहेका छन् । आयोगका सिफारिस कार्यान्वयनका लागि सरकार मौखिक रुपमा प्रतिवद्ध भएको भए पनि व्यवहारमा उदासिन देखिन्छ । यसतर्फ नेपाल सरकार, नीति निर्माता तथा प्रशासकीय एवं विधायकी संयन्त्रको ध्यान जान अति जरुरी छ ।

३. नेपालको संविधान, कानुन तथा नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धि सँग जोडिएका कयौं नयाँ आयामहरु एवं दायित्व वर्तमान युगमा थपिँदै छन् ।

जस्तै,

- SDG,UPR,Treaty Bodies, Right Based Approach
- पर्यावरण, जलवायु परिवर्तन र बढ्दो तापक्रम
- वन जंगल, वन्यजन्तु, वनस्पति विनास
- अव्यवस्थित सहरीकरण, फोहर मैला व्यवस्थापनमा अनियन्त्रण
- व्यापारिक व्यवसाय मूलक चुनौति, आधुनिक दासत्वको नवीकरण एवं यसबाट उत्पन्न शोषण
- स्वच्छ पानीको कमी, चुरे दोहन
- बाढी पहिरो, सुख्खा भूक्षय, विकासमा मानव अधिकारप्रतिको उदासिनता, भिन्न भिन्न किसिमका विषयहरु
- Migration, युवा पलायन इत्यादि

नियमित मानव अधिकार उल्लंघन तथा उजुरीमा आधारित अनुगमन र मानव अधिकार चेतना अभिवृद्धि कार्य बाहेक अब नयाँ प्रविधि र शिक्षा क्षेत्रमा समेत मानव अधिकारका विषयमा सञ्चार माध्यम, व्यवसायिक संघ संस्था तथा नागरिक समाजको सहकार्य थप आवश्यक हुँदै गएको छ । अल्यसंख्यक लैंगिक र साँस्कृतिक एवं जातिय तथा भौगोलिक विभेदका विषयहरुलाई मानव अधिकारआयोगको हाल मात्रै स्वीकृत रणनीति योजनाले अंगाल्न कोशिस गरेको छ ।

४. संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सर्वोच्च अदालतको निर्देशन अनुरुप आवश्यक कानुनमा सुधार ल्याई ठोस कार्य अघि बढाउन र पीडितका मागलाई ह्रदयगंम गरी नयाँ संवादको वातावरण बनाउन अनिवार्य छ । अन्यथा ढिलाइले गर्दा विश्वमा नेपालको छविलाई धुमल्याउन सक्छ । दण्डहीनता र सुशासन, भ्रष्टाचार नियन्त्रण मा शून्य सहनशीलता को

अवधारणालाई साहस र कठोरताका साथ अवलम्बन गर्नै पर्छ । कार्यान्वयन पक्ष दरो हुँदैन भने कानुन निर्माण आफैमा पूर्ण हुँदैन ।

५. अन्त्यमा, आयोगको स्थापनामा नागरिक समाजले खेलेको भूमिकाको पुनः स्मरण गर्दै आयोग प्रति नागरिक समाजको जुन आस्था र विश्वास कायम छ, निरन्तर कायम रहने आशा गर्दछु । साथै आयोगको काम कारवाहीमा सहयोग गर्ने सर्वोच्च अदालत, संघीय निकायहरु अन्य मानव अधिकार आयोगहरु, राजनितिक दल, सुरक्षा क्षेत्र, EU, UNDP लगायत अन्तर्राष्ट्रिय संघ संस्था, यस कार्यक्रममा आमन्त्रित सम्पूर्ण अतिथिहरुका साथै आयोगसँग आवद्ध सम्पूर्ण सहकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

स्वागत अभिवादन टुङ्ग्याउनु अघि म एक चोटी विश्व प्रसिद्ध मानव अधिकार वादी नेता Dr. Martin Luther King, Jr र Nelson Mandela को अभिव्यक्तिहरु स्मरण गर्न अनुरोध गर्दछु ।

- **Dr. Martin Luther King, JR :**

  "Injustices anywhere are a threat to justice everywhere.

  Hence, fight injustice and help create a world where human rights are enjoyed by all."

- **Nelsen Mandela (London Trafalgar Square, 2005)**

  "World is hungry for action not words. Act with courage and vision"

“विश्व कर्मको भोको छ, शब्दको होइन; साहस र दूरदृष्टि राखेर कर्म गर्नुपर्छ ।”

धन्यवाद !

जेठ १३, २०७९